नेपालको संविधानको अनुसूची - ८ मा उल्लेखित एकल अधिकार तथा अनुसूची - ९ मा उल्लेखित साझा अधिकारहरु कार्यान्ययन गर्नको लागि सम्बन्धित स्थानीय तहले विभिन्न कानूनहरु बनाउनु पर्ने हुन्छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (१) मा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका बिषयमा ऐन बनाउन सक्नेछ भन्ने उल्लेख भएकोछ भने सोही दफाको उपदफा (२) मा उपदफा (१) बमोजिम बनाईएको ऐनको अधीनमा रही कार्यपालिकाले आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेछ भन्ने उल्लेख भएकोछ । सोही दफाको उपदफा (३) मा नगरपालिकाले उपदफा (१) र (२) बमोजिम बनाएको कानून स्थानीय राजपत्रमा प्रकाशन गर्नु पर्ने व्यवस्था गरिनुका साथै सोही दफाको उपदफा (५) मा उपदफा (३) बमोजिम कुनै कानून प्रकाशन नभएसम्म त्यस्तो कानून लागू हुने छैन भन्ने व्यवस्था गरिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भएको मिति २०७४/०६/२९ गते भन्दा पछाडी यस नगरपालिकाले संविधानत आफूलाई प्राप्त अधिकार कार्यान्ययन गर्नको लागि नगरसभा तथा कार्यपालिकबाट विभिन्न मितिमा जारी गरेका ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड तथा आदेशहरुलाई आफ्नो राजपत्रमा प्रकाशन गर्नु पर्ने हुन्छ ।

खैरहनी नगर कार्यपालिकाको मिति २०७४/११/२४ गते को बैठकले यस नगरपालिकाको नगरसभाबाट पारित विभिन्न ऐन तथा कार्यपालिकाबाट पारीत भएका तथा जारी भएका नियमावली, कार्यविधि, मापदण्ड तथा आदेशहरुलाई स्थानीय राजपत्रमा प्रकाशन गर्ने प्रयोजनको लागि यस नगरपालिकाको स्थानीय राजपत्रलाई निम्नानुसारको ४ (चार) भागमा वर्गिकरण गरी प्रकाशन गर्ने निर्णय गरेको छ ।

(क) भाग १ – ऐन तथा अध्यादेशहरु
(ख) भाग २ – नियमावली तथा कार्यपालिकाबाट जारी भएका आदेश, अधिकारपत्रहरु
(ग) भाग ३ – कार्यविधि, निर्देशिकाहरु
(घ) भाग ४ – अन्य स्थानीय तह तथा अन्य निकाय संग भएका सम्झौताहरु